नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७८/७९ मिति:- २०७८/०५/१७

चलानी नम्बर:-

## मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश ।

मकवानपुर जिल्लाभित्र कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि यस जिल्लामा मिति २०७८-०५-२० गते आइतबार राती १२:०० बजेसम्म निषेधाज्ञा कायम गरिएकोमा जिल्लाभित्र संक्रमणको अवस्थालाई मध्यनजर गर्दै जिल्ला कोभिड व्यवस्थापन समिति, मकवानपुरको मिति २०७८-०५-१७ को सिफारिस र जिल्ला सुरक्षा समितिको मिति २०७८-०५-१७ को निर्णय समेतको आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४, कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम निषेधाज्ञालाई निरन्तरता दिई **मिति २०७८ साल भाद्र १९ गते शनिबार राती १२:०० बजेदेखि मिति २०७८ साल भाद्र ३१ गते बिहीबार राती १२:०० बजेसम्म यस मकवानपुर जिल्लाभर** निम्न बमोजिम हुने गरी परिमार्जन सहित यो आदेश जारी गरिएको छ । यो आदेशको बर्खिलाप भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**देहाय:-**

१. अत्यावश्यक काम परी घरबाहिर निस्कनुपर्दा अनिवार्यरूपमा मास्कको प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, भिडभाड नगर्ने, नगराउने ।

२. औषधी पसल, कृषि बीउबीजन तथा मल विक्री वितरण गर्ने पसल र भेटनरी, पेट्रोल पम्प, ग्याँस डिपो, अक्सिजन सिलिण्डर पसल नियमित सञ्चालन गर्नुपर्ने । अन्य खाद्यान्न तथा गैर खाद्यान्न पसलहरू, रेष्टुरेन्ट, मिठाई तथा खाजा पसलहरू विहान ६:०० बजेदेखि साँझ ६:०० बजेसम्म मात्र खोल्न पाइने । तर, स्ट्रिट फुड र फुटपाथमा पसल राख्न नपाउने ।

३. होटल तथा लज सञ्चालन सम्बन्धमा कूल बेड क्षमताको ५० प्रतिशतमा जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गरी, गराई सञ्चालन गर्ने ।

४. सभा, गोष्ठी, तालिम, सेमिनार र विवाह, ब्रतबन्ध जस्ता सामाजिक कार्यहरू भिडभाड नहुने सुनिश्चित गरी बढीमा २५ जनासम्म सहभागी भई जनस्वास्थ्यको मापदण्ड अनिवार्य पालना गरी गर्न सकिने ।

५. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा नित्य पूजा मात्र सञ्चालन गरी अन्य समयमा अनिवार्य बन्द गर्ने । चाडपर्वहरू जनस्वास्थ्यको मापदण्ड अनिवार्य पालना गरी न्यूनतम सहभागितामा सांकेतिकरूपमा मात्र मनाउने । धार्मिक प्रतिष्ठानहरूमा धार्मिक, सांस्कृतिक र सामाजिक लगायत कुनै पनि प्रकारको जमघट तथा भेला हुने क्रियाकलाप सञ्चालन गर्न नपाइने ।

६. सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल, पिकनिक स्थल, स्विमिङ पुल, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति पूर्णरूपमा बन्द रहने ।

७. शैक्षिक संस्थाहरू तथा परीक्षा सञ्चालन गर्ने सन्दर्भमा:

   ७.१ विद्यालयमा भौतिक उपस्थितिमा पठन पाठन सञ्चालन गर्ने सम्बन्धमा अभिभावकहरूको सहमतिमा विद्यालय व्यवस्थापन समितिको सिफारिस बमोजिम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ मा उल्लेखित मापदण्ड पूरा गर्ने गरी सम्बन्धित स्थानीय तहले स्वीकृत गरी सञ्चालन गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

७.२ ट्युसन तथा कोचिङ सेन्टर, तालिम तथा प्रशिक्षण केन्द्रहरू जनस्वास्थ्यमा मापदण्डहरू पूर्ण पालना गर्ने गरी सम्बन्धित स्थानीय तहको स्वीकृतिमा सञ्चालन गर्ने ।

७.३ विद्यालय, कलेज, संघ तथा प्रदेश लोक सेवा आयोगबाट पूर्व निर्धारित परीक्षाहरू तोकिएका मापदण्डहरू पालना गरी सञ्चालन गर्ने ।

८. सार्वजनिक यातायातहरू सञ्चालन गर्दा सिट क्षमता भन्दा बढी यात्रुहरू नराख्ने, सबै यात्रुहरूलाई मास्क अनिवार्य गर्ने, सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्नुपर्ने र सवारी साधनलाई दैनिकरूपमा निसङ्क्रमित गरी सञ्चालन गर्ने ।

९. सरकारी तथा गैरसरकारी, बैंक तथा वित्तिय संस्था र सहकारीहरूले जनस्वास्थ्यका मापदण्ड अनिवार्य अवलम्बन गरी भिडभाड नहुने सुनिश्चितता गरी सेवा सञ्चालन गर्ने ।

१०. पसल तथा व्यवसाय, उद्योग तथा कलकारखाना सञ्चालन गर्दा, विकास निर्माणका कार्य गर्दा अनिवार्य रूपमा मास्कको प्रयोग, भौतिक दूरी कायम, जनस्वास्थ्यका मापदण्ड पालना र भिडभाड नहुने सुनिश्चितता सम्बन्धित सञ्चालक/पक्षले गर्नुपर्ने । उल्लेखित जनस्वास्थ्यका मापदण्डहरू पालना नभएको पाइएमा अनुगमन समितिको सिफारिसमा उक्त पसल तथा व्यवसाय, उद्योग तथा कलकारखाना र विकास निर्माणको कार्य निषेधाज्ञा अवधिभरको लागि बन्द गरिनेछ ।

११. सामाजिक संघ/संस्थाहरु, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजको समन्वयमा मास्क अभियान नियमित रुपमा सञ्चालन गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी